# राष्ट्रिय कृषक समूह महासंघ, नेपाल
## राष्ट्रिय सचिवालय, काठमाण्डौ





# बार्षिक संगालो
(दोश्रो सामाजिक लेखाजोखाको अवसरमा प्रकाशित)

(२०७१/०७२)

# बार्षिक संगालो

**प्रकाशक :**
राष्ट्रिय कृषक समूह महासंघ, नेपाल
खुशिबु नयाँ बजार, काठमाण्डौ

**संरक्षक**
उद्धव अधिकारी

**सल्लाहकार**
भक्त ब.हादुर बस्नेत
ओमकृष्ण श्रेष्ठ पंचकाजी श्रेष्ठ
चित्रनाथ पौडेल
हर्क बहादुर थापा
रामहरी शर्मा
रीता बस्ताकोटि
गीता भूजेल
कवितादेवि महतो
ईश्वरी न्यौपाने

**प्रमुख सम्पादन**
नवराज बस्नेत

**सम्पादन**
केदार कोइराला, कार्यक्रम अधिकृत

**पत्राचारको लागि**
राष्ट्रिय कृषक समूह महासंघ, नेपाल, राष्ट्रिय सचिवालय ।
पो.व. नं. : ७०६४ इमेल : info@nfgf.org.np वेब साईट : www.nfgf.org.np.

# हार्दिक आभार

सामाजिक लेखाजोखा खर्चहरुको हिसावकिताव र संस्थाको प्रगति सुनाउने र सुन्ने प्रकृया त हुदै हो यसले संस्थाको संस्थागत, विकास पारदर्शिता, जवाफदेहिता, सुशासनको अवस्थाको चित्रण गर्दछ । सामाजिक लेखाजोखा सहभागितामूलक मूल्यांकन गर्ने, सरोकारवालाहरुको बुझाईको साटासाट एवं सहयोग र सहकार्य बढाउने माध्यम पनि हो ।

महासंघले यस वर्षमा संचालन गरेका  कृयाकलाप र त्यसबाट प्राप्त भएका उपलब्धि एवं साझेदार संघ संस्थाहरुसंगको सहकार्यमा गत आ.व. मा संचालन भएका कृयाकलाप र त्यससंग सम्बन्धित आम्दानी-खर्चलाई सरकारी तथा गैरसरकारी निकायहरु र सरोकारवालाहरुको बीचमा सार्वजनिकीकरण गरी पारदर्शिता, सहभागितामूलक अनुगमन र संस्थागत उत्तरदायित्वलाई आत्मसात गर्ने प्रयास गरीएकोछ । यस पुस्तिकामा महासंघको प्रथम सामाजिक लेखाजोखा मार्फत अथितिज्यूहरुले दिनु भएको सुझाव तथा प्रतिबद्धतालाई समेत समावेश गरीएकोछ ।

राष्ट्रिय कृषक समूह महासंघ, नेपालको यो दोश्रो सामाजिक लेखाजोखामा महासंघको निमन्त्रणालाई स्वीकार गरी सहभागि भई अमूल्य समय एवं सुझाव दिनुहुने सम्पूर्णमा आभार प्रकट गर्दछु । साथै यस कार्यक्रमलाई आर्थिक सहयोग गर्ने केएर नेपाल खाद्य अधिकार परियोजनालाई विशेष धन्यवाद दिन चाहान्छु ।

उद्धव अधिकारी
(अध्यक्ष)

# विषय सूचि


१. पृष्ठभूमि १

२. प्रथम सामाजिक लेखाजोखाको सार

३. आ.व. २०७१/७२ को प्रगति

क. कार्यक्रम प्रगति

ख. आर्थिक प्रगति

४. महासंघमा सुशासनको अभ्यास

५. सफलताको कथा

६. पत्रपत्रिकामा महासंघ

७. सरकारी निकायसंगको सहकार्य

# पृष्ठभूमि

परम्परादेखि मुलुकको आर्थिक एवं सामाजिक उन्नति र समग्र विकासमा अत्यन्त महत्वपूर्ण एवं सम्वेदनशील स्थान ओगट्दै आएको कृषि क्षेत्रको संरक्षण, सम्बर्द्धन मार्फत राष्ट्र निर्माण गर्ने गहन जिम्मेवारी बोकेको कृषक राज्यको मूलधारमा आउन नसकेको सन्दर्भमा कृषकवर्ग र किसानको हक अधिकार प्राप्तिका लागि वहश पैरवी गर्न कृषक समूहलाई स्थानीय स्तरदेखि केन्द्रिय स्तरसम्म संगठित गराउंदै सेवा प्रदायक निकायहरुमा किसानको पहुंचमा बृद्धि गरी दिगो तथा आत्मनिर्भरमुखी  उत्पादन मार्फत राष्ट्रिय उत्पादकत्वमा टेवा  पुर्‍याउने उदेश्यका साथ  राज्य र कृषकहरुको सेतुको रुपमा कृषिप्रधान देशको मर्मलाई सार्थक बनाउनको लागि नेपाल सरकार मार्फत देशभरी गठन भई कृयाशिल रहेका कृषक समूहहरुको सुशासनमा आधारित समावेशी लोकतान्त्रिक पद्धति अनुरुप क्षमता विकास गर्नुका साथै सरकारी गैरसरकारी संघ संस्थाहरुसंग समन्वयात्मक रुपले विकास अभियानमा सरिक गराउन राष्ट्रिय कृषक समूह महासंघ, नेपाल गठन गरीएकोछ ।

कृषकहरुको छाता संगठनको रिक्तता महशुस भई सम्बन्धित निकायमा दर्ताभई देश भरी छरीएर रहेका कृयाशिल कृषक समूहहरु, पशु सेवा समुहहरु र कृषि सहकारीहरुलाई सदस्य मानी गा.वि.स., सेवा केन्द्र ( ईलाका), जिल्ला, क्षेत्र हुदै राष्ट्रिय स्तरसम्मको संरचना रहने गरी राष्ट्रिय कृषक समूह महासंघ, नेपाल २०६८/५/२३ गते मध्यमांचल क्षेत्रिय कृषि निर्देशनालय हरिहरभवनमा कृषक समुहहरुको अगुवा प्रतीनिधीहरुको भेलाबाट गठन भएको यस महासंघ देशैभरी कार्यक्षेत्र रहने गरी  २०६८ चैत्र १४ मा जि.प्र.का. काठमाडौंमा दर्ता भएको हो ।

महासंघले कृषि विकास र किसान अधिकारको लागि सम्बन्धित निकायमा पैरवी गर्दै अगाडि बढिरहेको छ । पारदर्शिता, सहभागितामूलक अनुगमन र संस्थागत उत्तरदायित्वलाई आत्मसात गर्दै महासंघले आफ्ना कार्यहरुको मूल्यांकन गराउने कार्यको थालनी गरेको छ । महासंघले वर्ष भरीमा गरेका कृयाकलापहरु एवं आम्दानी र खर्चको सार्वजनिकरण कार्यक्रमबाट प्राप्त

सुझावको आधारमा कामको प्रभावकारीता अभिबृद्धि गर्दै अगाडि बढ्नको लागि सामाजिक लेखाजोखाको शुरुवात गरीएकोहो ।

सामाजिक लेखाजोखा मार्फत महासंघको नीति, नियम अन्तर्गत संचालित गतिविधि एवं त्यसको परिणाम र त्यसले लक्षित वर्गको जीवनमा पारेको प्रभावबारे जानकारी गराइएकोछ । वर्षभरि गरिएका अभियानमा भएका खर्च र त्यसका श्रोत उक्त अभियानको दौरानमा हासिल भएका उपलब्धि एवं सिकाई र चुनौतिका बारेमा सहभागीहरु बीच आदान-प्रदान गरिएकोछ । साथै यस लेखाजोखामा आएको सुझाव एवं सल्लाहहरुलाई महासंघले मार्गनिर्देशनको रुपमा लिई कार्ययोजना बनाएर लागु गर्नेछ ।

# प्रथम सामाजिक लेखाजोखाको सार

आश्विन १०, २०७१ शुक्रवारको दिन विभिन्न सरकारी एवं गैरसरकारी संघ संस्थाका प्रतिनिधिहरु, २५ जिल्लाका महासंघ प्रतिनिधिहरु, अगुवा कृषकहरु, पत्रकारहरु लगाएत ७५ जनाको सहभागितामा प्रथम सामाजिक लेखाजोखा सम्पन्न भयो । महासंघले वर्षभरिमा गरेका कार्यहरुको प्रतिविम्बको रुपमा ग्यालरीमा राखिएका कार्यक्रमका फोटाहरु, आय-व्यय विवरण, कार्यक्रमका उपलब्धि एवं छापाका समाचारहरुको अवलोकनको व्यवस्था मिलाइएको थियो ।

## प्रथम लेखाजोखा मार्फत महासंघलाई अतिथिहरुको सुझाव/शुभकामना

### केशव श्रेष्ठ - वित्त निर्देशक, केएर नेपाल




लेखाजोखामा समूहस्तरदेखि केन्द्रस्तरसम्म काम गर्ने तौर तरिका बारेमा बढि छलफल भइदिए राम्रो हुने थियो । नीतिगत तहमा महासंघको अभियानलाई केएरले गरेको सहयोग एक अंग मात्र हो । महासंघले यस्ता सहयोग अन्य संघ संस्थाहरुबाट प्राप्त गर्ने अवसर प्राप्त गरेको छ । सिक्ने र अनुशरण गर्ने काममा महासंघ अगाडि बढोस् ।

### सोम प्रसाद भण्डारी- अध्यक्ष,राष्ट्रिय भूमि अधिकार मञ्च



महासंघले सुसुप्त अवस्थामा रहेका कृषि सेवा केन्द्र र कृषक समूहलाई उठाउने प्रयास गरेको छ । २ वर्षको छोटो समयमा महासंघले २५ जिल्लामा जिल्ला महासंघहरु गठन गरी राष्ट्रिय स्तरमा आफ्नो पहिचान देखाइएको छ । कार्यक्रम एवं आर्थिक प्रतिबेदन स्पष्ट एवं संन्तुलन मिलेको देखिन्छ । कृषि विकास रणनीतिलाई स्थानीय स्तरमा कार्यन्वयनको लागि विषेश योजना बनाई लाग्नको लागि सुझाव दिन चहान्छु । विचौलिएको जालो तोड्दै बहिरो राज्यलाई सुनाउनको लागि हाम्रो आवजलाई थप शसक्त बनाउन आवश्यक रहेको छ ।

**जगत देउजा -कार्यक्रम निर्देशक,समुदायिक आत्मनिर्भर सेवा केन्द्र**




स्थापनाको छोटो अवधिमा नीतिगत तहमा महासंघले पहुंच स्थापना गरेको छ । सरकारी निकायहरुसंग महासंघले आफ्नो सम्बन्ध नजिक बनाउदै गएको छ । किसान र महासंघको नेतृत्व बीचको सम्बन्ध बढेर गएको अनुभूति भएको छ । स्थापना भएको २ वर्षमा नै सामाजिक लेखाजोखा गरेकोमा धन्यवाद ।

**कृष्ण थापा-अध्यक्ष, सामुदायिक विद्यालय ब्यवस्थापन समिति महासंघ**



**अ**कृषि र शिक्षाको सम्बन्ध नजिक छ । पहिला खाना र त्यसपछि शिक्षा भन्ने यथार्थता हामी सबैले बुझेका छौं । यसले कृषिको महत्वलाई उजागर गरेको छ । जलबायु परिवर्तनका सवालमा महासंघले आवाज उठाउन जरुरी छ । कृषक दिवस मनाउनको लागि महासंघले तदारुकता देखाउन आवश्यक छ । २५ जिल्लाबाट ७५ जिल्लामा शिघ्र अगाडि बढोस भन्ने कामना ।

**गोविन्द शर्मा - महासचिव, नेपाल कृषि पत्रकार प्रतिष्ठान**

पत्रकार प्रतिष्ठान र महासंघको सम्बन्ध सौहाद्रपूर्ण रहेको छ । महासंघले गैरराजनीकि चरित्र कायम राखोस । महासंघ सबै किसानहरुको संगठन बनेर सबैलाई गोलबद्ध गर्न सकोस भन्ने मेरो शुभकामना छ ।

**प्रकाश काफ्ले -परियोजना ब्यवस्थापक, केएर नेपाल, खाद्य अधिकार परियोजना**



महासंघले गरेका हरेक कार्यक्रमका जिल्लास्तरमा भएको खर्च एवं रकम परिचालनको प्रणालीको बारेमा स्पष्ट पार्दै अघि बढ्न जरुरी छ । औद्योगिक कृषकहरुले साना कृषकहरुलाई अफठ्यारो पार्न भएन । महासंघ राजनीति हस्तक्षेपमा नपरोस, पर्ने छैन भन्ने हामीलाई विश्वास छ । २ वर्षको यो अवधिमा जुन प्रगति गरेकोछ । यसको

प्रभाव गाउं स्तमा पुर्‍याउन जरुरी रहेको छ । प्रथम सामाजिक लेखाजोखा भएकाले यो राम्रो छ तथापि आगामी लेखाजोखा थप अन्तरकृयात्मक होस् ।

**राम प्रसाद खनाल - कानुनी सल्लाहकार रा.कृ.स सहासंघ**



महासंघको प्रतिनिधित्व रहेको निकायमा महासंघको अर्थपूर्ण भूमिका रहोस् । २ वर्षमा राम्रा लक्षणहरु देखिएका छन् । तथापी लामो हिढाईलाई निरन्तर रुपमा अगाडि बढाउनु पर्दछ । संगठन विस्तार उद्देश्यलाई आत्मसाथ गर्दै अगाडि बढेको हुनु पर्दछ । किसान अधिकारप्रतिको प्रतिवद्धता र पवित्र मन मिलाउन नसकेसम्म यो अभियान पूर्ण रहदैन । सामाजिक लेखाजोखा मार्फत् आफ्ना कृयाकलापहरुको पारदर्शिता कायम गर्न गरिएको प्रयास स्रहानीय रहेको छ ।

**डिल्लीराम शर्मा-सहसचिव, बाली संरक्षण निर्देशनालय**




कृषक समूहहरुको  संगठित समूह नभएको अवस्थामा महासंघले जुन रुप धारण गरेको छ यो महत्वपूर्ण रहेकोछ । पैरवी कार्यमा आफूलाई अगाडि बढाउन आफूलाई अभ्र शसक्त गराओस् । तल्लास्तरका किसानलाई समेट्दै महासंघ अगाडि बढ्न जरुरी रहेको छ । १५ देखि २० प्रतिशत किसानहरुलाई सरकारले प्रत्यक्ष सेवा पुर्‍याउदै आएको छ । जिल्ला कृषि विकास कार्यालयहरुसंग महासंघको सहकार्य जरुरी रहेको छ । अन्यथा सरकार एक्लै र किसान एक्लै हिड्दा कुनै अर्थ रहदैन । महासंघले कृषि नीति तर्जुमाको लागि भूमिका खेल्न सक्छ । गा.वि.स.को १५ प्रतिशत बजेट कृषिमा कसरी लगानी गर्न सकिन्छ भन्ने विषयमा पैरवी गर्न जरुरी रहेकोछ । हरेक जिल्लामा कृषिमा हुने बजेटहरुको बारेमा महासंघले किसानहरुको बीचमा प्रसार गर्नु राम्रो हुन्छ ।

**युवक ध्वोज जि.सि. - महानिर्देशक, कृषि विभाग (विशेष अतिथि)**




सर्बप्रथम महासंघको सफलताको लागि शुभकामना दिन चाहन्छु । कृषि विकासका खातिर उत्प्रेरकको रुपमा स्थापना भएकोमा म अत्यन्त खुशी छु । म हातमा हात र साथमा साथ गरी अगाडि बढ्न तत्पर रहेको ब्यहोरा जानकारी गराउन चहान्छु । अन्य संघ संस्थाबाट लिएको बजेट समेत कृषि र कार्यक्रममा नै खर्च भएको देखिएकाले महासंघ कृषि विकासमा चिन्तत रहको कुरा पुष्टि भएकोछ। नेपाल सरकारको एक्लो प्रयासमा कृषिको विकास सम्भव नहुने हुँदा किसानको सकृयता हुनु गर्वको कुरा हो । गैर राजनीतिक संगठन एवं गैर किसानहरुको छाता संगठनको रुपमा महासंघ अगाडि बढोस भन्ने मेरो भनाई रहेको छ । विभाग एवं मन्त्रालयबाट लिनु पर्ने सहयोगमा तदारुकताका साथ अगाडि बढ्नको लागि म महासंघलाई अनुरोध गर्दछु । जलबायु परिवर्तन र कृषिमा परेको समस्याको बारेमा एकिकृत रुपमा जुध्नको लागि समेत म यहाँहरुलाई आह्वान गर्दछु। प्राविधिक सेवा पुर्‍याउने क्रममा कृषि विभागबाट भएको कमजोरीमा समेत महासंघको सहयोग र सल्लाह जरुरी रहेको छ।

**राम प्रसाद पुलामी - सहसचिव, कृषि विकास मन्त्रालय (प्रमुख अतिथि)**




महासंघ बिशुद्ध किसान अधिकार प्राप्तिका लागि अग्रसर रहनु आवश्यक रहेको छ । राजनैतिक गन्ध रहित गतिविधि रहुन् । सामाजिक लेखाजोखा प्रस्ट र पारदर्शी भएको मलाई लागेको छ। सबै उपलब्ध श्रोत र साधनको अधिकतम उपयोग गरिनु पर्दछ। योजना आयोग मार्फत करिब ३०० जना स्वयंसेबक परिचालन गर्ने तयारी गरेका छौं । यसले कृषि विकासमा थप सहयोग पुग्ने विश्वास छ । कृषकसमूहमा आधुनिक प्रबिधि हस्तारण गरिंदै उनीहरुको क्षमता विकास गर्न आवश्यक छ जसले कृषिलाई ब्यवसायिकरण बनाउन सहयोग गर्दछ। सरकारले वातावरण मैत्री स्थानीय शासनको शुरुवातको तयारी गरिरहेको छ । यसको कार्यन्वयनको लागि महासघंको पैरवी आवश्यक छ। महासंघले कृषि सहकारीलाई सदस्यता प्रदान गरिंदा पुनः बिचार गरेर मात्र गर्नको लागि म सुझाव दिन चाहन्छु । प्याक्ट परियोजना मार्फत किसानहरुको आय आर्जन बृद्धिमा कृषि विकास मन्त्रालय लागि परेको छ ।

यसमा साना किसानहरुको पहुंचको लागि महासंघले सहयोग गर्नको लागि म अनुरोध गर्दछु । वर्षभरि भएको आम्दानी र खर्च विवरणको सार्वजनिक गर्ने र सुधारको लागि सुझावको अपेक्षा गर्ने महासंघको यो शैली मलाई एकदमै राम्रो लागेको छ । यसले महासंघलाई पारदर्शी र जवाफदेहि बनाएको मैले महशुस गरेको छु ।

**उद्धव अधिकारी - अध्यक्ष, राष्ट्रिय कृषक समूह महासंघ नेपाल (सभाध्यक्ष)**




गांस बास कपास मध्ये महासंघको अभियान गांसकै सुरक्षाको लागि परिलक्षित रहेकोछ । किसानको पहिचान र वर्गीकरणको आधारमा सेवा सुविधाको सुनिश्चितता नै कृषकको प्रथम माग हो । खाद्यन्न उत्पादन गर्ने किसान जवसम्म तिरस्कृत रहिरहन्छ तवसम्म कृषि विकासको परिकल्पना ओझेलमा नै परिरहन्छ । ५४ हजारका हाराहारीमा रहेका कृषक समूह पशु सेवा समूहको शसक्तिकरण र सवलीकरणका लागि नै महासंघ स्थापना भएको हुनाले यो अभियानमा सरकारी गैरसरकारी संघ संस्थाको सहयोग र सल्लाहको अपेक्षा सहित महासंघ आफ्नो उद्देश्य पूरा गर्न अविचलित रुपमा अगाडि बढिरहने प्रतिवद्धता व्यक्त गर्दछु । साथै आजको यस सामाजिक लेखाजोखा कार्यक्रममा उठेको सवालहरुलाई योजना बनाई पूरा गर्न महासंघ लाग्ने विश्वास समेत दिलाउन चहान्छु । यस कार्यक्रममा उपस्थित हुनु भएका प्रमुख अतिथि, विशेष अतिथि, लगायत सम्पूर्ण सहकर्मी मित्रहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

## प्रथम सामाजिक लेखाजोखा, सुझाव र प्रतिबद्धता

| जिज्ञासा एवं सुझाव | प्रतिबद्धता | प्रयास |
|---|---|---|
| रौतहटमा सुगरमिलबाट निस्केको केमिकल मिसिएको पानीले करिब १२००० हेक्टर धानबाली नस्ट गरेको छ । यसमा महासंघले खेल्ले भूमिका ? | किसान आन्दोलनमा महासंघले एक्यबद्धता सहित परिणाममूखि नतिजाको लागि शसक्त पहल गर्ने छ । | स्थानीय किसानहरुको आन्दोलनमा एक्यबद्धता । |
| सरकारद्धारा घोषित ६% ब्याजमा किसानलाई ऋण कार्यन्वयनमा महासंघको भूमिका ? | महासंघले पैरवी गर्दै आएको विषय भएकाले कार्यन्वयनका लागि महासंघले पहल गर्ने छ । | जिल्ला महासंघ ओखलढुङ्गाले वित्तय संस्थाहरुसंग छलफल गरी कार्यन्वयनको लागि पहल गरेको । |
| महासंघका तल्ला तहका सदस्यहरुको क्षमता विकासमा केन्द्रले ध्यान दिनु पर्ने हो की ? | सदस्य, एवं सांगठनिक संरचनाको क्षमता विकासमा महासंघ अनवरत रुपमा लागि पर्ने छ । | भ्रमण, तालिम, गोष्ठी आदिको माध्यमबाट क्षमता विकासमा जोड दिइएको । |
| महासंघको बार्षिक कार्यक्रम योजना तर्जुमाको समयमा नै जिल्ला महासंघको सहभागिता गराएमा राम्रो हुने थियो की ? | योजना तर्जुमाको विभिन्न चरणमा जिल्लाका प्रतिनीधिलाई सहभागि गराउने छ । | जिल्लाबाट नै कार्यक्रमहरुको माग गरी त्यसैको आधारमा वार्षिक कार्यक्रम तय गरिएको । |
| जिल्ल स्तरमा गरिने कार्यक्रम निर्माण गर्दा जिल्लाको वस्तुगत अवस्थालाई ध्यानमा राखेर निर्माण गर्नु पर्ला कि ? | समूह, गाउं र जिल्ला महासंघको कार्य योजना बनाई कार्यन्वयन गरिनेछ । | ३०० समूह, २७ गा.वि.स. र २५ जिल्ला महासंघहरुको बार्षिक कार्ययोजना तयार भई कार्यन्वय भएको । |
| सरकारी सेवा सुविधाहरुमा किसानहरुको पहुँच स्थापनाको लागि महासंघ अघि बढ्नु पर्ला कि ? | सरकारी सेवा सुविधाहरुमा किसानको पहुंच स्थापनार्थ महासंघले किसान सचेतीकरण एवं संगठन परिचालन गर्नेछ । | ३०० समूहका ७५०० किसानलाई सरकारी सेवा सुविधाका बारेमा सचेतिकरण गरिएको । सरोकारवालासंगको संयुक्त सहभागितामा बार्षिक समीक्षा गरिएको । |
| कृषि विकास रणनीतिलाई स्थानीय स्तरमा | कृषि विकास रणनीति निर्माणाधिन अवस्थामा नै | मन्त्री परिषदबाट अनुमोदन भएको कृषि विकास रणनीति |

| | | |
|---|---|---|
| कार्यन्वयनको लागि विषेश योजना बनाई लाग्नु पर्ला कि ? | रहेको र यसलाई साना किसान मैत्री बनाउन महासंघको पहल जारी रहेको हुँदा योजना बनाई अघि बढ्न सकिनेछ । | प्रप्तिको लागि महासंघले पत्राचार गरेको छ । प्राप्ति पश्चात अवधारणा तयार गरी अगाडि बढिएको । |
| जलबायु परिवर्तनका सवालमा महासंघले आवाज उठाउन जरुरी छ । कृषक दिवस मनाउनको लागि महासंघले तदारुकता देखाउन आवश्यक पर्ला कि ? | यस सवालमा काम गर्न महासंघले सहयोगी संघ संस्थाहरुसंग सहकार्य गर्नेछ ।<br>सम्बन्धित निकायसंग छलफल गरी नीतिगत रुपमा नै कृषक दिवस मनाउनको लागि पहल गरिनेछ । | लिवर्डसंगको सहकार्यमा समूह तहमा जलबायु परिवर्तन अनुकुलन खेतिका बारेमा कृयाकलापको शुरुवात भएको छ ।<br>महासंघ स्थापना दिवसलाई कृषक दिवशको रुपमा बनाउनको लागि विभिन्न तहमा छलफल गरिएको । |
| महासंघले गैरराजनीतिक चरित्र कायम राखिरहनु पर्ला ? | कृषक आन्दोलन दुषित बन्ने पो हो कि भन्ने तपाईहरुको चिन्ता र चासो प्रति महासंघ स्थापना कालदेखि नै सचेत छ र रहिरहने प्रतिवद्धता व्यक्त गरिन्छ । | कृषक समूहको प्रतिनीधी मात्र महासंघको संरचनागत तहमा प्रतिनिधित्व रहने भएकोले किसान हित नै महासंघको मूल मन्त्र मानी अगाडि बढिएको । |
| महासंघले गरेका हरेक कार्यक्रमका जिल्ला स्तरमा भएको खर्च एवं रकम परिचालनको प्रणालीको बारेमा स्पष्ट पार्दै अघि बढ्नु पर्ला । | संस्थागत बैक खाता रहने संस्थाको नीति नियामावलीको अधिनमा रही कारोवार गरिनेछ । | जिल्लातहमा समेत सामाजिक लेखाजोखा कार्यक्रम संचालन र आर्थिक नियमावलीको आधारमा खर्च व्यवस्थामन प्रणालीको कार्यान्वियन गरिएको । |
| लेखाजोखामा समूहस्तरदेखि केन्द्रस्तरसम्म काम गर्ने तौर तरिका बारेमा बढि छलफल गर्नु पर्ला । | आगामि लेखाजोखालाई बढि अभ्यासमूखि छलफलमा केन्द्रित गरिनेछ । | लेखाजोखामा वितरण गर्ने गरी समूहतहदेखि केन्द्रिय तहसम्ममा गतिविधि संकलन गरी प्रकाशन र अध्ययनको ब्यवस्था गरिएको । |
| २ वर्षमा राम्रा लक्षण देखिएको छ । लामो हिडाईलाई निरन्तर रुपमा अगाडि बढाउनु पर्दछ । संगठन विस्तारको उद्देश्यलाई आत्मसाथ गर्दै | महासंघले विभिन्न नीति, नियम, आचारसंहिता बनाई आफ्नो अनुशासनको दायरा तयार गरी संगठन विस्तारको वार्षिक लक्ष्य निर्धारण गर्दै | नीति, नियम, आचारसंहितको अनुशरण गरिएको र ३४ जिल्लामा महासंघको संगठन विस्तार गरिएको । |

| | | |
|---|---|---|
| अगाडि बढ्नु पर्ला । | अगाडि बढिनेछ । | |
| महासंघले कृषि नीति संशोधन लागि भूमिका खेल्न सक्छ । गा.वि.स.को १५ प्रतिशत बजेट कृषिमा कसरी लगानी गर्न सकिन्छ भन्ने विषयमा पैरवी गर्न जरुरी होला । | निकट भविश्यमा नै कृषि नीति संशोधनको लागि महासंघले पहल गर्नेछ साथै गा.वि.स.को १५ प्रतिशत बजेटका लागि निरन्तर पैरवी जारी रहनेछ । | कृषि नीति संशोधन एवं कार्यविधिमा नै १५ प्रतिशत बजेटको व्यवस्थाको सुनिश्चितताको लागि बहश गरिएको । |
| सरकारले वातारण मैत्री स्थानीय शासननीति निर्माणको तयारी गरिरहेको छ । यसको लागि महासघंको पैरवीको आबश्यकता रहला । | नीति निर्माण तहमै रहेको व्यक्तित्वबाट महासंघको उपस्थितिप्रति गरिएको अपेक्षा अनुरुप नीति निर्माण प्रकृयामा संलग्न गराउनका लागि अनुरोध गरिन्छ । | हाल सम्म वतावरणमैत्री स्थानीय शासन नीति निर्माणको तयारी बारेमा जानकारी नभएको । |

# आ.व. २०७१/०७२ को प्रगति

## आ.व.२०७१/०७२ मा संचालित साझेदारी संस्था र कार्यक्रम :

- **CARE Nepal** : साना तथा सिमान्तकृत कृषकहरु बिशेषत: महिला किसानहरुको सशक्तीकरण तथा खाद्य अधिकारमा पहुंच अभिबृद्धि गर्ने, जलवायु परिवर्तनवाट सिर्जित समस्याहरुसंग जुध्न समुदायसंग मिलेर अनुकुलनका लागि क्षमता अभिवृद्धि, कृषि प्रविधिहरुको परीक्षण तथा प्रर्वधनका प्रयासहरुमा समुदायलाई सहयोग पुऱ्याउने उद्देश्यले केयर नेपालसंग Aug २०१३ मा संझौता भई ओखलढुङ्गा, सिरहा र उदयपुरमा खाद्य अधिकार परियोजना संचालनमा रहेकोछ । यस बर्ष पनि उक्त कार्यक्रम निरन्तर रुपमा संचालनमा रहेको छ । यस कार्यक्रमले महासंघको संस्थागत विकासमा विशेष योगदान पुर्‍याएको छ ।

- **FIAN Nepal** : फियन नेपालसंगको साझेदारीमा मुगु र दैलेख जिल्लामा महासंघ गठन र किसानका सवाल पहिचान कार्य सम्पन्न भएको छ ।

- **UNDP :** नेपालमा प्रथम अन्तराष्ट्रिय ग्रामिण महिला दिवस मनाइएको छ । कार्यक्रम राष्ट्रिय योजना आयोगका माननीय सदस्य श्री विमला राई पौडेलज्यूको सभापतित्व एवं माननीय उद्योग मन्त्री महेश बस्नेतज्यूको प्रमुख आतिथ्यतामा मेडेप, लघुउद्यमी महासंघ, अष्ट्रेलियन एड, र नेपाल सरकारसंगको सयुक्त सहकार्यमा ३० जिल्लाका ग्रामिण महिलाहरुद्धारा उत्पादित कृषि उपजको प्रदर्शनी सहित सम्पन्न भयो ।

- UNDP को साझेदारीमा भूकम्पले क्षति पुर्‍याएका कृषिसंग सम्बन्धित पूर्वाधारहरुको मर्मत संम्भार गरी कृषकहरुको जीविकोपार्जनमा तत्कालीन सहयोग पुर्‍याउने उद्देश्यले काभ्रे जिल्लाका ६ गा.वि.स.मा सामुदायिक पूर्वाधार पूननिर्माण तथा जीविकोपार्जन कार्यक्रम संचालनमा रहेको छ ।

- **IUCN** : सुर्खेत जिल्लाका दुईवटा समूह र कपिलबस्तु जिल्लाका दुईवटा समूहमा कृषकहरुसंग अन्तरकृया गरी प्राकृतिक श्रोत संरक्षणका चुनौति सम्बन्धि सूचना र सुझाव संकलन कार्य सम्पन्न गरिएको छ ।

- **FAO/IUCN** : FAO संगको संझौता र IUCN संगको सहकार्यमा वन तथा कृषि सहज कार्यक्रम (FFF) मकवानपुर जिल्लाको कांकडा र डांडाखर्क गा.वि.स.हरुमा संचालनमा रहेको छ ।

## सवालगत क्षेत्रमा सहकार्य :

### क. जिल्ला तह :

- स्थानीय उद्देश्य मिल्ने संस्थाहरु
- सरोकारवाला सरकारी निकायहरु (गा.वि.स, जि.वि.स. कृषि, पशु, भूसंरक्षण बन कार्यलयहरु)

### ख. राष्ट्रिय तह

राष्ट्रिय किसान संजाल
खाद्यका लागि कृषि अभियान
खाद्य अधिकार संजाल
नेपाल कृषि पत्रकार प्रष्ठिान
राष्ट्रिय भूमि अधिकार मंच

सामुदायिक आत्मनिर्भर केन्द,
कृषि प्राविधिक एशोसिएशन
नेपाल पाराभेटनरी एण्ड लाईभस्टक एसोशियसन

# आ.ब.२०७१/०७२मा सम्पन्न कार्यक्रहरूको प्रगति/उपलब्धिहरू

## महासंघ गठन, संस्थागत सुदृढीकरण

- ३१०० सदस्य समूह महासंघमा आवद्ध
- ३५० गाउं/नगर महासंघ विस्तार
- ३४ जिल्लामा महासंघ विस्तार
- २५ जिल्लामा जिल्ला परिषद/सामाजिक लेखाजोखा सम्पन्न
- प्रथम राष्ट्रिय परिषद / सामाजिक लेखाजोखा सम्पन्न

**उपलब्धिहरु**

- स्थानीय तहदेखि राष्ट्रिय तहसम्म साना, महिला, भूमिहीन र सिमान्तकृत किसानहरुको सवालगत पैरवीको लागि बैधानिक गैरराजनीतिक संरचनाहरु निर्माण
- कृषक, कृषक समूहहरु एवं सम्बन्धित तहहरुमा महासंघको आवश्यकता र औचित्यताको पुष्टि
- ७७,५०० जना किसानहरु महासंघको अभियानमा प्रत्यक्ष रुपमा सरिक
- हरेक तहको संरचनामा मुख्य पदमा कम्तिमा १ जना सहित ३३ प्रतिशत महिला प्रतिनीधित्वको सुनिश्चितता

## संस्थागत क्षमता र संचालन पद्धतिको विकास

- **कार्यालय ब्यवस्थापन :** उदयपुर, ओखलढुङ्गा, सिरहा र भक्तपूरमा दैनिक कार्यालय संचालन एवं अन्य जिल्लाहरुमा उपयुक्त स्थान पहिचान गरी जिल्ला कार्यलय संचालनमा रहेको र सबै जिल्लाका ईमेल ठेगाना रहेको ।

**महासंघका नीतिहरु**

१ विधान : प्रथम संशोधन सहित कार्यन्वयनमा रहेको
२. मानव श्रोत परिचालन नियमावली : प्रथम संशोधन सहित कार्यन्वयनमा रहेको
३. आर्थिक प्रशासन नियमावली : प्रथम संशोधन सहित कार्यन्वयनमा रहेको
४. अनुशासन तथा आचारसंहिता : कार्यन्वयनमा रहेको
५. महासंघ संचालन निर्देशिका : कार्यन्वयनमा रहेको
६. समूह परिचालन नियमावली : मस्यौदाको अवस्थामा रहेको
७. लैंगीक तथा समावेशीकरण मार्गदर्शन : कार्यन्वयनमा रहेको
८. अक्षयकोष ब्यवस्थापन नियमावली : मस्यौदाको अवस्थामा रहेको
९. पृष्ठपोषण संयन्त्र : कार्यन्वयनमा रहेको
१०. शून्य सहनशीलता नीति : कार्यन्वयनमा रहेको

- ५००० किसानलाई आधारभूत नेतृत्व विकास ।
- समूह तहका २०० जना पदाधिकारीहरुलाई सुशासन, सरकारी सेवा सुविधा, सहभागितामूलक योजना सीप ।
- गा.वि.स. महासंघका ८४ जना पदाधिकारीहरुलाई सुशासन, पैरवी र सहभागितामूलक योजना सीप ।
- २५ जिल्लाका ५० जना महासंघ पदाधिकारीहरुलाई सुशासन, पैरवी र संस्था संचालन सीप विकास ।
- केन्द्रिय समितिका पदाधिकारीहरु र कर्मचारीहरुलाई संस्था विकासं सुशासन एवं पैरवी क्षमता विकास ।
- जिल्ला स्थित कृषि, पशु र जि.वि.स. कार्यालयका प्रतिनिधी, जिल्ला महासंघ र केन्द्रिय टोली सहित ५१ जनाको अवलोकन भ्रमण (भारतको पन्त नगर) ।

**उपलब्धिहरु**

- स्थानीय तहदेखि राष्ट्रिय तहसम्म साना, सिमान्तकृत, भूमिहीन र महिला किसानहरुको समस्या एवं सवाल पहिचान र समाधानको लागि स्थानीय तहदेखि नै बहसको थालनी भएको ।
- सवालगत पैरवीहरुमा महासंघका संरचनाहरुको कृयाशिलता ।
- स्थानीय तहमा कार्यरत सरोकारवाला, सरकारी गैरसरकारी संघ संस्थाहरुसंगको सहकार्य र समन्वयको शुरुवात ।
- संस्थागत नीति, नियमहरुले महासंघका गतिविधि, संचालन एवं नियन्त्रणको मार्गदर्शकको रुपमा सबै तहगत संरचनालाई निर्देशित ।

## अधिकारका लागि पैरवी

- साना किसान मैत्री नीति निर्माणको लागि पैरवी ।
- आ.व.२०७२/०७३ को कृषिसंग सम्बन्धित बजेट माथि नागरिक समिक्षा कार्यक्रम ।
- ४० जिल्लाका अगुवा किसानहरुको सहभागितामा संविधानमा किसानका सवाल विषयमा छलफल ।
- प्रमुख ३ दलका शिर्ष नेताहरुसंग संविधानमा किसानका सवाल विषयमा छलफल ।
- संविधानसभा अध्यक्षज्यू समक्ष कृषि, भूमि र खाद्यका सवालमा ज्ञापनपत्र पेश ।
- सामुदायिक रेडियो मार्फत विनाशकारी भूकम्प र त्यसपछिका विषम परिस्थितिका बारेमा सन्देश प्रशारण ।
- कृषि पत्रकार प्रतिष्ठानसंगको सहकार्यमा नियमित एफ. एम. कार्यक्रम संचालन ।
- विभिन्न सवालहरुमा आधारित रही प्रेस विज्ञाप्ति/अपिल एवं पत्रकार भेटघाट ।
- UNDP संगको सहकार्यमा नेपालमा पहिलो पटक ग्रामिण महिला दिवस सम्पन्न ।
- कृषि विकास मन्त्रालयको सहकार्यमा धान दिवस सम्पन्न ।
- विभिन्न ११ वटा संस्थाहरुको सहकार्यमा विश्व खाद्य दिवस सम्पन्न ।

**उपलब्धिहरु**

नेपालको संविधान २०७२ को मस्यौदामा साना किसानका सवालहरु समेटिएका ।

२० वर्षे कृषि विकास रणनीतिमा साना किसान मैत्री प्रणाली समेटिएका ।

विभिन्न स्तरमा महासंघको पहिचान र प्रतिनिधित्व ।

**स्थानीय/ राष्ट्रिय स्तरका सरकारी समितिहरुमा भूमिका सहित महासंघको स्थान**

क. कृषि मन्त्रालय अन्तर्गतको पारिवारिक खेती वर्ष २०१४ (राष्ट्रिय निर्देशक समिति, राष्ट्रिय कार्यन्वयन समिति र राष्ट्रिय सचिवालय)को सदस्य

ख. वन मन्त्रालय अन्तर्गत रहेको Forest, Farm, Facility Program को सल्लाहकार समिति सदस्य

ग. राष्ट्रिय प्राकृतिक श्रोत संरक्षण रणनीतिक योजना तर्जुमा समिति, योजना आयोगको सदस्य ।

घ. विषादि अवशेष द्रुत विश्लेषण कार्यक्रम संचालन कार्यविधि २०७१ अन्तर्गत कार्यक्रम संचालन
समितिको सदस्य ।

**ङ** विभिन्न जिल्लामा कृषि विकास समितिहरुमा जिल्लाका विषयगत योजना तर्जुमा समिति, कार्यक्रम अनुगमन समितिमा महासंघको प्रतिनिधित्व र पहिचान

## सदस्य समूहरुको सवलिकरण

- उदयपुर, सिरहा र ओखलढुङ्गामा २७ गा.वि.स. का ३०० वटा कृषक समूहलाई लक्षित गरी कृयाकलाप
  संचालन ।
- ओखलढुङ्ग र उदयपूर जिल्लाको २४४ भूकम्पबाट पीडित किसानलाई अस्थाई आवास सहयोग ।
- सिरहा जिल्ला, भगवानपूर गा.वि.स.का मूसहर समुदायका ४० घरधुरीको आयआर्जनमा सुधार ल्याउन प्रतिपरिवार २ कट्ठाका दरले जमिन उपलब्ध गराई करार खेतीको शुरुवात ।
- वन तथा कृषि सहज कार्यक्रम मकवानपूरको कांकडा र डांडाखर्क गा.वि.स.मा संचालन ।
- काभ्रे जिल्लामा सामुदायिक पूर्वाधार पूननिर्माण तथा जीविकोपार्जन कार्यक्रम संचालन ।

**उपलब्धिहरु**

- कृषि तथा पुश सेवा केन्द्रमा किसानको सहज पहुँच बढेर गएको ।
- साना तथा सिमान्तकृत कृषकहरु बिषशेषत महिला किसानहरुको नेतृत्व क्षमता विकासको सुरुवात ।
- कृषकको अधिकारका बारेमा चासो बढेको र मागमा आधारित अनुदान सहयोग प्राप्त हुने क्रम बढेको ।

## समन्वय, सहकार्य एवं संजाल विस्तार

- खाद्य अधिकार संजाल
- राष्ट्रिय किसान संजाल
- खाद्यका लागि कृषि अभियान
- नेपाल कृषि पत्रकार प्रतिष्ठान
- साना किसान केन्द्रिय सहकारी संघ -FFY 2014

- विभिन्न सरकारी गैरसरकारी संघ संस्थाहरु ।
- नेपाल कृषि प्राविधिक एसोसिएशन
- नेपाल पारा भेटेरिनरी एण्ड लाइभस्टक एसोसिएशन

**उपलब्धिहरु**

- स्थानीय तहदेखि राष्ट्रिय स्तरसम्म महासंघको पहिचान सहित औचित्यता बृद्धि ।
- महासंघको अभियानमा सहयोग/सहकार्य गर्ने संघ संस्थाहरुमा बृद्धि ।
- महासंघप्रति संघ संस्था एवं संचार माध्यमहरुको विश्वास बृद्धि ।

# आर्थिक प्रगति प्रतिवेदन

## ख. आर्थिक प्रगति प्रतिवेदन

आ.व.२०७१/७२ का लागि उपलब्ध बजेट

| क.सं. | विवरण | रकम |
|---|---|---|
| १ | केयार नेपाल | १,९७,१४,७६०।७५ |
| २ | फियन नेपाल | २,६०,८७३।७१ |
| ३ | ए.एभ.ओ./आइ.यूसि. एन. | ४,७७,२८५।०० |
| ४ | यू.एन.डि.पि | ४,७९,३०८।०० |
| ५. | विभिन्न संस्थाबाट सहयोग | २,२८,४७४।०० |
| ६. | सदस्यता शुल्क | १४,४००।०० |
| | **जम्मा** | **२,११,७५,१०१।४६** |

**कार्यक्रम खर्च**

| सि.नं. | विवरण | रकम | प्रतिशत |
|---|---|---|---|
| १ | महासंघ गठन, संस्थागत सुदृढिकरण | २१,१८,२८५।४० | १५.७१ % |
| २ | संस्थागत क्षमता र संचालन पद्धतिको विकास | ३८,५६,३७३।२० | २८.६० % |
| | अधिकारका लागि पैरवी | १४४०३०२।०० | १०.६८ % |

| | | | |
|---|---|---|---|
| ४ | खाद्य अधिकारका लागि सदस्य समूहरुको सवलिकरण | ४८,७९,३७५।४४ | ३६.१९ % |
| ५. | समन्वय, सहकार्य एवं संजाल विस्तार | ८८,३६७।०० | ०.६६ % |
| ६. | भुकम्प सहयोग अनुदान | ११,००,०००।०० | ८.१६ % |
| | **जम्मा** | **१,३४,८२,७०३।०४** | **१००. %** |

**प्रशासनिक खर्च विवरण**

| नं. | विवरण | खर्च |
|---|---|---|
| १ | तलब, यातायात, भ्रमण खर्च आदि | ४५,८८,९०९।८५ |
| २ | कार्यालय संचालन तथा व्यवस्थापन | १६,४३,१४७।८६ |
| | **जम्मा** | **६२,३२,०५७।७०** |

**संस्थागत कृयाकलाप**

| नं. | विवरण | खर्च |
|---|---|---|
| १ | खाद्य दिवस | २,२८,४७४।०० |
| २ | ग्रामिण महिला दिवस | ४,६८,३०८।०० |
| ३ | कृषि वन सहज कार्यक्रम | ३,२२,८७७।०० |
| ४ | साना किसान सवाल संकलन तथ सार्वजनिकरण | २,३५,८७३।७१ |
| ५ | अन्य संस्थागत खर्च | १,०१,५०६।७१ |
| | **जम्मा** | **१३,५७०३९।४२** |

# सुशासनका अभ्यासमा महासंघ

## सुशासन

### पारदर्शिता

- वार्षिक सामाजिक लेखाजोखा
- हरेक कृयाकलापका बजेट र खर्च सार्वजनिकीकरण
- जि.वि.स.को वार्षिक पुस्तिकामा जिल्ला तहका कार्यक्रम तथा बजेट प्रकाशन
- कृषि सुचना डायरी प्रकाशन मार्फत वार्षिक कार्यक्रम र बजेट छपाई
- वार्षिक परिषद मार्फत वार्षिक खर्चको अनुमोदन एवं योजना तयार

### जवाफदेहिता

- ६/६ महिनामा आन्तरिक लेखा परिक्षण
- वेबसाईट, उजुरी पेटिका संचालन
- तहगत संरचनाको जिम्मेवारी किटानी र कार्यन्वयन,
- कार्यक्रम कार्यन्वयन पूर्व परिचयात्मक कार्यक्रम मार्फत परियोजना बारे जानकारी
- कार्यक्रम समीक्षामा सरकारी, गैरसरकारी सरोकारवालाहरुको सहभागिता
- कार्यक्रमको संयुक्त अनुगमन
- विविध समिति उपसमितिहरु गठन र अधिकार प्रत्यायोजन

### मूल्य मान्यता

- सामाजिक जिम्मेवारी र पेशागत आचरण
- निरपेक्षता र तटस्थता
- सहयोगात्मक मानवीय व्यवहार
- आन्तरिक सुशासन, पारदर्शिता र जवाफदेहिता
- स्वायत्तता तथा आपसी सद्भाव
- आत्मनिर्भरता तथा दिगोपना
    - सम्पर्क समन्वय र सहकार्य

### शुन्य सहनशिलता

- आर्थिक हिनामिना
- खातापाता तथा दस्तावेजहरुको दुरुपयोग
- सम्पत्तिको क्षति
- संस्थागत अभिलेख र सूचनाको दुरुपयोग
- यौन हिंसा र दुराचार

# समावेशितामा महासंघ

**१. राष्ट्रिय महाधिवेशनमा प्रतिनीधित्वको व्यवस्था**

- प्रत्येक जिल्ला महासंघबाट जिल्ला अध्यक्ष १ जना, **महिला १ जना, समावेशिताको आधारमा दलित/जनजाती मध्येबाट १ जना, मधेशी/मुस्लिम/अल्प संख्यक मध्येबाट १ जना**, अन्य १ जना गरी ५ जनाका दरले गरी ३७५ जना, लेखा समितिका सदस्यहरु, विभिन्न समितिका सदस्य, राष्ट्रिय कार्य समितिका पदाधिकारी एवं सदस्यहरु प्रतिनिधिको रुपमा रहनेछन् ।
- तोकिएका योग्यता हासिल गरेका जुनसुकै प्रतिनिधिहरु कार्य समितिको पदाधिकारी/ सदस्य पदमा उमेदवार बन्न सक्नेछन् ।

**२. राष्ट्रिय परिषदमा प्रतिनीधित्वको व्यवस्था**

- प्रत्येक जिल्ला महासंघका अध्यक्ष १, **महिला १, समवेशी १** (दलित/जनजाती मधेशी), रा.का.स.सदस्यहरु, आ.ले.स. तथा अन्य समितिका सदस्यहरु प्रतिनिधि रहने छन् । कार्यसमितिले छनोट गरेका विशिष्ट पाहुनाहरु, विषयगत विज्ञ एवं कर्मचारीहरु र सहकार्य गर्ने संस्थाका प्रतिनिधिहरु

**३. राष्ट्रिय कार्य समितिको गठन व्यवस्था**

क. खुल्ला प्रतिस्पर्धाबाट छनौट हुने (अध्यक्ष १, उपाध्यक्ष ५, महासचिव १, उप-महासचिव १ र कोषध्यक्ष १ गरी) ९ जना (प्रत्येक विकास क्षेत्रका १ जना पर्ने गरी ५ उपाध्यक्ष) **ख. दलित २ जना (१ महिला अनिवार्य) ग. जनजाती ५ जना (२ महिला अनिवार्य) घ. मधेसी मुस्लिम ५ जना (२ महिला अनिवार्य) ङ. अल्पसंख्यक २ जना (१ महिला अनिवार्य) च. अन्य १३ जना (५ महिला अनिवार्य) छ. मनोनीत ५ जना ( समावेशीका आधारमा) ज. पदाधिकारीका पदहरु मध्ये मूख्य पद (अध्यक्ष, महासचिव र कोषध्यक्ष मध्ये १ पदमा महिला अनिवार्य रहनेछ । समावेशी हिसावले ४३ जनाको राष्ट्रिय कार्य समितिको गठन हुनेछ ।**

**४. सचिवालय समिति गठन व्यवस्था**

- ९ जना पदाधिकारी सचिवालय **२ पदको मनोनित गरी** ११ सदस्यीय सचिवालय समितिको गठन गरिनेछ । मनोनित **गर्दा अनिवार्य रुपमा महिला मनोनित गर्नु पर्ने छ । सचिवालयमा न्यूनतम रुपमा ३३ प्रतिशत महिला सहभागिता रहनेछ ।**

**५. आन्तरिक लेखा समिति गठन व्यवस्था**

- महासंघको महाधिबेशनले महासंघको आम्दानी खर्चको लेखा परिक्षणको लागि महाधिबेशन प्रतिनीतिहरु मध्येबाट

**कम्तिमा १ जना महिला** सहित ३ जनाको आन्तरीक लेखा समितिको चयन गर्ने छ ।

**६. सल्लाहकार समिति गठन व्यवस्था**

- कार्य समितिले महासंघलाई आवश्यक सल्लाह सुझाव तथा आवश्यक सहयोगको लागि निवर्तमान अध्यक्षको संयोजकत्वमा सम्बन्धित क्षेत्रका विशेषज्ञ सहितको ५ सदस्यीय सल्लाहकार समिति गठन गर्ने छ । जसमा १ जना महिला अनिवार्य रहनेछ ।

**७. जिल्ला कार्य समिति गठन**

- प्रत्येक गाउँ/नगर महासंघबाट १ महिला, १ समाबेशी र अन्य १ गरी जम्मा ३ जना प्रतिनिधिहरु रहनेछन् ।
- ३३ प्रतिशत महिला अनिवार्य सहित समावेशिताको सिद्धान्तमा जिल्ला कार्य समितिको छनौट गर्नु पर्नेछ ।
- पदाधिकारीका पदहरु मध्ये मुख्य पद (अध्यक्ष, सचिव र कोषध्यक्ष मध्ये १ पदमा महिला अनिवार्य रहनेछ ।

**८.गाउँ/नगर महासंघ**

गाउँ/नगरपालिका अधिबेशन/कार्य समितिबाट चुनिएका १ महिला, १ समावेशी र १ अन्य गरी ३ जना प्रतीनधि जिल्ला अधिबेशनमा प्रतिनिधि रहने छन् । ३३ प्रतिशत महिला अनिवार्य सहित समावेशिताको सिद्धान्तमा गाउँ कार्य समितिको छनौट गर्नु पर्नेछ ।

**९. कार्यान्वयन व्यवस्था**

- लैगिक तथा समावेशिकरण मार्गदर्शन २०७२ कार्यान्वयनको शुनिश्चिततताको लागि केन्द्रिय सचिवालयबाट लैगिक फोकल पर्सन तोकिएको छ ।

# सफलताको कथा

## “महासंघको सहजीकरण, महिलाहरुमा भएको परिवर्तन”



उदयपुर जिल्लाको कटारी बजारबाट करिब तीन किलोमिटर पूर्व दक्षिण कटारी नगरपालिका वडा नं.१० भुल्केमा जनजातीहरुको बसोवास छ । तामाङ, राई, मगर, सुनुवार र माझी गरी १८ घरधुरीको बसोवास रहेको यस समुदायले वि.स.२०६१ सालमा सृजनशील आमा कृषक समूह गठन गरी जिल्ला कृषि विकास कार्यालय, उदयपुरमा दर्ता गरेको यस समूहमा माझी ५ जना, मगर ५ जना, राई ३ जना र सुनुवार १ गरी १८ जना महिलाहरु कृषक समूहमा संगठित छन् ।

यसरी समूह दर्ता पश्चात महिला दिदी बहिनीहरुले समूहलाई निरन्तर रुपमा बैठक संचालन, वचत तथा ऋण परिचालन गर्ने कार्य गर्दै आइरहेको थियो । समूहमा सबै जना सदस्यहरु महिलाहरु मात्र हुनु, लेखपढ गर्न नजान्नु तथा जम्मा भएको वचतलाई परिचालन गर्न नसकी वचत बाँड्नु, सुख्खा जमीन उत्पादन कम हुनु, सिंचाई नहुनु, महिलाहरु गाउँ बाहिर गएर केही कार्यक्रम ल्याउन नसक्नु जस्ता विभिन्न समस्याहरु भोग्दै आइरहेका थिए । यसरी समूहले विभिन्न समस्याहरु भोग्दै आई रहेको अवस्थामा २०७१ भाद्र महिनामा राष्ट्रिय कृषक समूह महासंघ नेपालका कर्मचारी गाउँलेहरु बीच भेटघाट तथा छलफल भए पश्चात कृषक समूहले खोजेका सेवा सुविधाका बारेमा जानकारी



पाएपछि समुह अत्यन्त खुशी भई समूहलाई दिगो बनाउन विभिन्न उपाएहरु अपनाउन थाले । समूहलाई निरन्तरता र दीगो बनाउनका लागि राष्ट्रिय कृषक समूह महासंघका  कर्मचारीको सल्लाह लिएर जिल्ला कृषि विकास कार्यालयको सहयोगमा महिला दिदी बहिनीहरुले समूहलाई जिल्ला कृषि विकास कार्यालयमा पूनः नविकरण गराए । नविकरण पश्चात कृषि तथा पशु सेवा केन्द्र कटारीमा जाने तथा आवश्यक सूचना लिने, कृषि सेवा केन्द्रबाट तरकारीको विउ विजन ल्याई उत्पादन गरेर उपभोग गर्न थाले ।  हाल उक्त समूहका अध्यक्ष भन्नु हुन्छ केही पाउनलाई केही गुमाउनु पर्छ भन्ने उखानलाई आधार मानी हामी घर बाहिर पर्नेमा निस्कदैनौ । त्यसैले पाउने सेवा सुविधाबाट बञ्चित भएका रहेछौं ।

यसरी समूहलाई निरन्तर अगाडि बढाउने क्रममा राष्ट्रिय कृषक समूह महासंघ नेपालका कर्मचारीको सहजीकरणमा कृषि सेवा केन्द्रबाट वितरण भएको च्याउको विउ समूहले अनुदानमा ४३ पोका पाएपछि खुशीको लहर छायो र त्यसको सही सदुपयोग गर्नुपर्छ भनी समूहले सामूहिक च्याउ खेती गर्ने निर्णय लियो । तर समूहमा च्याउ खेती बारे कुनै पनि सदस्यलाई जानकारी नभएको कारण महासंघका कर्मचारीका सल्लाह अनुसार नजिकको १ जना च्याउ खेती बारे जानकारी भएको व्यक्तिलाई ल्याई च्याउ खेती तालिम सहित शुरुवात गरे । यसरी समूहका सबै सदस्यहरु दिनरात खटेर पानी लगाउने, त्यसको हेरचाह कार्यमा जुटे । हाल सामूहिक रुपमा च्याउ उत्पादन गरी विक्री गर्न शुरु गरेका छन् । समूहका सदस्यहरु भन्नु हुन्छ “हाम्रो यो पहिलो अनुभव हो, हाम्रो मेहनतलाई हामी खेर फल्दैनौं । त्यसैले यो च्याउबाट जे जति आम्दानी हुन्छ त्यो सबै हामी हाम्रो समूहको बचतमा जम्मा गर्छौं, हाम्रो बचतलाई बढाउँछौं । किनकी पहिला पनि हाम्रो समूहको बचत धेरै भएर हामीले परिचालन गर्न सकेनौं र बाड्यौं । अब त हामीसँग महासंघका कर्मचारी हुनुहुन्छ । पहिला हामी टुहुरा थियौं अभिभावक पाएका छौं । साथै समूहलाई लेखा व्यवस्थापन सामाग्री  र तालिम पनि पाएको छौं । अब हामी आफै हिसाव राख्छौं । उहाहरुले हामीलाई सहयोग गर्नु हुनेछ । हाल ४६ के.जी. च्याउ विक्रीबाट आएको ९६०० रुपैयाँ र समूहमा एक सदस्य बरावर जम्मा गरेको रु.१०० बचत गरी समूहमा जम्मा २६,६०६ हितकोष जम्मा भएको छ ।”



समुहलाई अझ दीगो बनाउन समुहले बार्षिक कार्ययोजना निर्माण गरेको छ भने कृषि सेवाकेन्द्रबाट साना सिंचाईको लागि आवेदन माग फारम भरी जिल्ला कृषि विकास कार्यालय, उदयपुरमा पेश गरेकोछ । यसरी महासंघको परियोजनाबाट सहयोग पाएपछि समूहले विस्तारै केही काम गर्न थालेपछि समूहकी एक ७५ बर्षिय मोतीमाया तामाङ्ग सल्लाहकार सदस्य भन्नु हुन्छ “अव केही वर्ष बाँच्न पाए गाउँमा यो महिलाहरुले गरेको परिवर्तन देख्न पाइने थियो होला । हामी गाउँको दिदी वहिनीहरुको आँखा महासंघले खोली दिएको छ । यस संस्थालाई धन्यवाद छ । हाल हाम्रो समुहको वचत विस्तारै बढाउनका लागि विभिन्न क्रियाकलापहरु संचालन गर्ने, समूहले गर्न नसक्ने काम र त्यस्तो योजनाका लागिसंघ संस्थालाई गुहार्ने र सानो तिनो विकासका कामहरु समुहले नै गर्ने प्रतिवद्धताका साथ समूह अगाडि बढेको छ ।

मनमाया श्रेष्ठ
स्थानीय श्रोत व्यक्ति, उदयपुर

## कृषि वजेट परिचालनमा गाउँ महासंघको अगुवाई

राष्ट्रिय कृषक समूह महासंघ, नेपालले २०७० देखि खाद्य अधिकार परियोजना संचालन गर्दै आएको छ । लेखानी गाउँ महासंघको तदर्थ समिति गठन पश्चात गाउँ महासंघले कृषि बजेटका कुरालाई विस्तारै उठान गर्दै आएको थियो । आ.व.२०७०/०७१ को गाविसको कृषि बजेटलाई सही रुपमा परिचालन गराउन केही महत्वपूर्ण भूमिका निर्वाह गरेकै हो । आ.व.२०७१/०७२ को गाउँ परिषददेखि नै महासंघको भूमिका विस्तारै प्रवेश गराउन स्थानीय स्रोत व्यक्तिको गाविससँगको समन्वयले सहयोग गरी रहेको थियो । गाउँ महासंघको अधिवेशनले पूर्ण समिति चयन पश्चात गाविसलाई विश्वासको वातावरण सृजना गराउन अझ सहज भएको थियो ।

गाउँ महासंघको गठन पश्चात लेखानी गाविसमा भएका कृषि लक्षित समस्याहरु सम्वन्धित निकायहरु जस्तै : कृषि तथा पशु सेवा केन्द्र, जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशु सेवा कार्यालयमा राख्दै जान थाले । सम्वन्धित निकायहरुले दिने सेवा सुविधाहरुको बारेमा जानकारी राख्दै गए । कृषकहरुका लागि दिने सेवा सुविधाहरुको बारेमा राष्ट्रिय कृषक समूह महासंघ, नेपालले प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहजीकरण गर्दै गयो । आ.व.२०७१/०७२ को गाउँ परिषदमा महासंघको तर्फबाट प्रतिनिधित्व गर्ने अवसर गाविसबाट पनि प्राप्त भयो । परिणामस्वरुप कृषि लक्षित बजेट अन्तरगत रु.१,१०,०००। (एक लाख दश हजार) विनियोजन भयो ।

कृषि बजेट रु.१,१०,०००। (एक लाख दश हजार) लेखानी गाविसमा रहेको जम्मा ९ वटा समूह मध्ये  सदस्य संख्याको आधारमा ८ वटा समूहलाई १२,५००। को दरले र १ वटा समूहलाई १०,०००। का दरले अदुवा रोपनको लागि विउ खरिद तथा फलफूलको विरुवा खरिदको लागि गाउँ महासंघले गाविस कार्यालय लेखानीबाट निकाशा गरी समूहका अगुवाहरुलाई वितरण गरेको थियो ।

बजेटको प्रभावकारी कार्यान्वयनको लागि गाउँ महासंघ र स्थानीय स्रोत ब्यक्तिको सहयोग तथा अनुगमनको लागि निर्णय गराई कार्यान्वयनमा जोड दिने कार्य भयो । महासंघले पाएको कार्यक्रमले सफलता पाउन सकेमा मात्र पहिचान र अस्तित्व बढ्दै जाने कुरामा  महासंघ विश्वस्त रहेको छ । महासंघले निर्वाह गरेको भूमिका प्रति सबै समूहका सदस्यहरु महासंघलाई धन्यवाद व्यक्त गर्दछन् ।

एलिजा मगर
स्थानीय श्रोत व्यक्तिउदयपुर

## गाउँ तथा नगर महासंघ संस्थागत विकास तर्फ अग्रसर

नगर महासंघ कटारी, गाउँ महासंघ हर्देनी र गाउँ महासंघ तपेश्वरीले राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालयहरुमा समितिको आफ्नो नाममा बैंक खाता संचालन गरी सकेको छ । नगर महासंघ कटारीले कटारी नगरपालिकासँग रु.८०,०००। (असी हजार रुपैयाँ) लिएर बाली संरक्षण सम्वन्धि तालिम तथा माटो परिक्षण शिविर सम्पन्न गरेको छ गाउँ महासंघ हर्देनीले तरकारी खेतीका लागि प्लास्टिक घरको गा.वि.स.सँग रु.४०,०००। ( चालिस हजार) मा सम्झौता गरेर कामको शुरुआत गरी सकेको छ । गाउँ महासंघ तपेश्वरीले गा.वि.स.सँग बाली संरक्षण सम्वन्धि तथा पशु पालन सम्वन्धि तालिम तथा माटो परीक्षण शिविर र पशुभ्याक्सिनको लागि रु.२,७०,०००। (दुई लाख सत्तरी हजार) को लागि सम्झौता गरी पहिलो किस्ता रु.१,०६,०००। निकाशा गरी तालिम सम्पन्न गरी सकेको अवस्था छ । त्यसै गरी लेखानी गा.वि.स.ले गा.वि.स.सँगको साझेदारीमा ब्यवसायिक अदुवा खेतीको लागि वीउ खरीद गर्न रु.१,१०,०००। (एक लाख दश हजार) समूहहरुमा वितरण गरिसकेको छ ।

राष्ट्रिय कृषक समूह महासंघ, नेपालको संस्थागत संरचना अन्तरगत रहेको सबै भन्दा तल्लो संरचना गाउँ महासंघ तथा नगर महासंघ रहेको छ । महासंघको स्थानीय स्तरबाट नै संस्थागत विकास हुन आवश्यक रहेको अवस्थामा यस उदयपुर जिल्लाको खाद्य अधिकार परियोजनाले समेटेका ६ गा.वि.स.तथा एक नगरपालिकामा विधिवत रुपमा प्रथम अधिवशन सम्पन्न भई संस्थागत विकासको थालनी भएको छ। संस्थागत विकासको लागि स्थानीय महासंघहरुले गा.वि.स.तथा नगरपालिकासँग समन्वय गरेर विभिन्न कार्यक्रमहरु संचालन गर्न थालेको छ । कृषि सेवा केन्द्र तथा पशु सेवा केन्द्रहरुसँग समन्वय गरी समूहहरुका लागि ती निकायहरुबाट पाइने सेवा सुविधाहरुको वितरणमा सहयोग पुऱ्याई रहेको छ। गा.वि.स.तथा नगरपालिका भित्र रहेका कृषि पशु समूहहरु तथा कृषि सहकारीहरुलाई महासंघमा आवद्धता गर्ने काम नियमित रुपले गरी रहेको छ । त्यसैगरी गतवर्ष महासंघमा आवद्ध भएका समूह तथा सहकारीहरुको नविकरण गर्ने प्रकृया गरिरहेको छ।

महासंघको गतिविधि अगाडि बढेको लगभग १५ महिना मात्र भइरहँदा उदयपुर जिल्लामा २० गाउँ महासंघ र २ नगर महासंघ गरी जम्मा २२ स्थानीय महासंघको

विस्तार भएको छ । महासंघको विस्तार क्रम निरन्तर चलिरहेको छ । यस वर्ष अरु ५ वटा गाउँ महासंघ विस्तार गर्ने योजना रहेको छ । त्यसैगरी २२ महासंघ मध्ये ८ गाउँ महासंघ तथा १ नगरपालिकामा पहिलो अधिवेशन समेत सम्पन्न भएको छ । स्थानीय महासंघको संस्थागत विकास तथा समन्वय र सहकार्यको लागि २ स्थानमा सेवा केन्द्र स्तरीय समन्वय समिति समेत विधिवत रुपमा गठन भएको छ ।

संस्थागत विकासको थालनी गरेको स्थानीय महासंघले गा.वि.स./नगरपालिका तथा अन्य निकायहरुसँग समन्वय र सहकार्यको शुरुवात गरेको छ । गा.वि.स.तथा नगर स्तरका बैठकहरुमा महासंघको उपस्थिति अनिबार्यता बन्दै गएको अवस्था छ । गा.वि.स.तथा नगर स्तरमा महासंघको पहिचान प्रभावकारी बन्दै गएको छ । गा.वि.स.तथा नगरपालिकाको १५ कृषि बजेटको सही परिचालनमा महासंघको भूमिका अपरिहार्यता बन्दै गएको छ । गा.वि.स.तथा नगरपालिकालाई १५ कृषि बजेट कसको नेतृत्वमा परिचालन गर्ने भन्ने दुविधामा रहेको बेला महासंघले उक्त बजेटलाई परिचालन गर्ने नेतृत्व लिइरहेको छ । अतः यी गतिविधिहरुलाई मध्ये नगर गर्ने हो भने स्थानीय महासंघहरुको संस्थागत विकासको थालनी प्रभावकारी देखिन्छ ।

देवि ब.थापा मगर
जिल्ला परियोजना अधिकृत, उदयपुर

## समूहबाट सिक्दै कृषिको विकासमा महिला



समूह संगठन के हो भन्ने थाहा नपाएका तरेगना गोविन्दपुरका महिलाहरु रेडियोले समूहमा मिलेर काम गरेको कुरा सुनेर सोहीबाट प्रभावित भई २०६५ सालमा महिला बचत समूह गठन गरी संगठीत हुने र भविष्यको लागि बचत जम्मा गर्ने अभियानमा जुटे । बचत समूह त गठन गरे तर समूह तथा बचत कारोवारको व्यवस्थापन सीप र अर्थिक पारदार्शिता हुन नसक्दा उनिहरुको बचत रु

१५०००।-जम्मा भएतापनि एक आपसमा शंका उपशंका बढ्दै गयो । २०६८ सालमा उनीहरुले आपसी मनमुटावका कारण बचत रकम बाँडेर लिए । त्यस पश्चात आफु खुसी एक्ला एक्लै खेतीपाती गरी जिर्विकोपार्जनमा लागे । खेतीपाती गर्दा अनेक समस्याहरु आए । समस्याको समाधानको लागि व्यक्तिगत रुपमा धेरै प्रयासहरु गरे तर सम्वन्धित निकायले उनीहरुको आवज सुनेन त्यसपछि उनीहरु समूह छोडेकोमा पछुताउन थाले । यसै क्रममा २०७० सालमा राष्ट्रिय कृषक समूह महासंघका स्थानीय श्रोतव्यक्तिको हैसियतले उक्त बस्तीमा पुग्ने अवसर मिल्यो । त्यहाँ पुग्दा इन्द्र कुमारी पाखीनसंग भेट भयो र कृषक समुहको बारेमा कुराकानी भयो । वहाँ पहिलाको समुहको अध्यक्ष हुनु हुदो रहेछ । समुहको महत्व बुझ्ेपछि झ्रिहरी महिला कृषक समूह गठन गर्ने  निर्णय भयो । रा.कृ.स. महासंघको सहजीकरणमा विधान तयार गरी जिल्ला कृषि विकास कार्यलयमा दर्ता गर्ने कार्य भयो । समूह दर्ता पश्चात समूहले विभिन्न खाले तालिम प्राप्त गरी हितकोष व्यवस्थापनका साथै बार्षिक कार्ययोजना निर्माण गरी सोही योजना अनुसार सर्म्पक समवन्यलाई विस्तार गर्दै गा.वि.स को बजेटसमेत प्राप्त गरी माटो परीक्षण, व्यवसायिक तरकारी खेती, पशु स्वास्थ्यशिविर, पशु खोप, धान गहुँको विउ विजन वितरण जस्ता कार्य गर्ने साथै आ.व.२०७२/०७३ का लागि रु ५०,०००/- (पचार हजार)को कार्यक्रम तयार गरी गा.वि.स मा पेश गरिएको छ ।

महासंघको सहजीकरणले गर्दा हामीलाई पूनः संगठित भइ काम गर्ने र स्थानीय तहमा भएको श्रोतको सही सदुपयोग गर्ने काममा हामी सक्षम हुदै गएका छौ । हामीले प्राप्त गरेको प्रगती नै महासंघको प्रगती हो । किसानको प्रगती हो समूहकी अध्यक्ष पाखीनको भनाई छ ।

रामसेवक महरा
स्थानीय श्रोत व्यक्ति, सिरहा

# महिला कृषकहरु अधिकारप्रति जागरुक बन्दै ।



प्राय घर भित्रकै काम काजमा व्यस्त रहने महिलाहरु आजभोलि समूह तथा गा.वि.स.का बैठकहरुमा आफना समस्याहरु माथि छलफल गरिरहेका भेटिन्छन् । उनीहरु आफना समस्याहरु छलफल गर्ने, समाधानका उपायहरुको खोजी गर्ने र कृषि पशु लगायतका विषयहरुमा चासो दिन थालेका छन । सिरहा जिल्लाको भगवानपुर गा.वि.स. वडा नं. १ र २ कल्याणपुर टोलका १८ जना महिला कृषकहरुले बि.सं. २०६५ सालमा जिल्ला कृषि विकास कार्यलय सिरहामा जानकी महिला कृषक समूह दर्ता गराएका थिए । तर समूहको गतिविधीहरु खासै अगाडि बढन नसकेको, नियमित बैठक बस्न नसकेको, समूहको हित कोष परिचालन हुन नसकेको भनाई समूह अध्यक्ष सारदा देवी पंडितको रहेको छ । महिलाहरु घुम्टोमा बस्ने घरबाट बाहिर नजाने, गाँउका पुरुषहरुले गर्ने सार्वजनिक कामहरुमा सहभागी नहुने र नगरउने, उनीहरुको आगाडि नजाने , गाविस लगायत अन्य संघ संस्थाको बैठकमा नजाने साथै एक दुई जना गएता पनि आफना प्रस्तावहरु राख्न नसक्नुको साथै एक छेउमा गएर एक्लै बस्ने केहि नबोल्ने र लाज मान्ने अवस्था रहेको थियो भनी अध्यक्ष पंडितले थपिन् । यस्तो अवस्थामा गा.वि.स.को कृषि बजेट, कृषि विकास कार्यालयको सेवा सुविधाहरु लगायत अन्य विषयमा हामीलाई जानकरी हुने त कुरै भएन भनेर अर्का सदस्य सुनिता पंडीतले बताइन् ।

कृषकहरु संगठित भएर कृषकहरुको हक र अधिकार खोज्नु पर्दछ । समूहहरु बलियो वन्नु पर्दछ । सेवा सुविधाहरु सम्बन्धित निकायहरुमा गएर खोज्नु पर्दछ । आदि इत्यादि विषयहरुमा बि.सं. २०७० सालदेखि राष्ट्रिय कृषक समूह महासंघ नेपालद्धारा नियमितरुपमा छलफल र वहस चलाउँदै जाँदा त्यहाँका महिलाहरु समूह सवलिकरण र कृषि कर्ममा हौसिएका छन् । राष्ट्रिय कृषक समूह महासंघ नेपाल र केयर नेपालको साझेदारीमा संचलित खाद्य अधिकार परियोजना अर्न्तगत समूहका सदस्यहरुलाई नेतृत्व विकास तथा समाजिक समावेशिकरण अभिमूखिकरण, हितकोष व्यबस्थापन तथा

परिचालन सम्बन्धी तालिम ,समूहको वार्षिक कार्ययोजना निर्माण लगायत नियमित कृयाकलापहरुमा सहजीकरण गर्दै आएको छ । त्यसैगरी विभिन्न जानकारी तथा सूचनाहरु समूहमा प्रवाह गर्दै आएको छ ।

अहिले समूहका महिला सदस्यहरु पुरुषहरुको आगाडि आफनो कुरा राख्ने गरेका छन् । गाविस वा अन्य संघ संस्थाहरुको बैठकहरुमा गएर आफना समस्याहरुमाथि छलफल गर्न सकेका छन् । समुहको नियमित बैठक प्रत्येक महिनाको १५ गतेका दिन बस्छ । समूहको मासिक वचत प्रति ब्यक्ति रु १०० का दरले ९ हजार ३ सय हितकोष जम्मा भएको छ । समूहको नाममा श्री बाला सुन्दरी साना किसान कृषि सहकारी लि. भगवानपुरमा खाता संचालन गरिएको छ ।

समूहका कोषाध्यक्ष समता पंडितको भनाई अनुसार जिल्ला कृषि बिकास कार्यालयबाट सेवा केन्द्र मार्फत किसानहरुको लागि प्राप्त हुने सेवा सुविधाहरुको बारेमा जानकारी प्राप्त भएको छ । फलस्वरुप हामीले सेबा केन्द्रबाट तरकारीको विउ, च्याउको बिउ , गहुँको बिउ लगायत बिभिन्न तालिमहरु लिन सफल भएकाछौं । समूहको सचिब प्रमिला देबी पंडित जिल्ला कृषि विकास कार्यालय सिरहा मार्फत ग्रामिण अगुवा कृषक सम्बन्धी ५१ दिने तालिममा सुनसरी जिल्लाको झुम्काबाट प्राप्त गर्न सफल भएकीछिन् ।

अब उनीहरु आफै सेवा केन्द्रमा गएर आफनो सेवा सुविधा लिन थालेका छन । साथै त्यस गा.वि.स.मा महासंघको पहलमा गाविसको कृषि बजेट १५ प्रतिशत रकम रु १,७२,००० किसानको आर्थिक र सामाजिक जीवन स्तरमा सुधार ल्याउन छुट्याएकोमा उनीहरु खुशि भएका छन ।

समूह सचिव प्रमिला पंडितले भनिन् "हामी महिलाहरु घरबाट निस्किन डर र लाज मान्थ्यौं तर महासंघले हामीलाई आफनो पहिचान बनाउन र अधिकार लिन अग्रसर गराएकोछ ।" हाम्रो समूहका सदस्यहरु गाबिस र सेवा केन्द्रमा जान आउन थालेको हेरेर हाम्रै गाविसको अरु वडाका दिदी , बहिनीहरुले पनि कृषक समूह खोली दर्ता गराई महासंघमा आबद्ध भएका छन् र हामीहरुसंग समूहको बारेमा छलफल गर्छन् र जानकारी लिन्छन् ।

टिका राम विश्वकर्मा
स्थानीय स्रोतव्यक्ति, सिरहा

# सरकारी निकायसंगको सहकार्य





कृषि विकास मन्त्रालय



कृषि विकास मन्त्रालय



कृषि विकास मन्त्रालय



वन तथा भू स मन्त्रालय



कृषि विकास मन्त्रालय

# पत्रपत्रीकामा

कान्तिपुर

अर्थ वाणिज्य २०।

## सेवा नपाएको गुनासो

साना किसान राष्ट्रिय मेला सुरु



## नयाँ संविधानमा किसानको हक सुनिश्चित गर्न सुझाव

राज्यले किसानलाई जीविकोपार्जनका लागि पर्याप्त जमिनमा पहुँच वा स्वामित्व सुनिश्चित हुनुपर्ने, जीविकोपार्जनका लागि जमिनको उपयुक्त आकार निर्धारण प्रान्तीय सरकारले गर्नुपर्ने

६ विचार कारोबार karobardaily.com
सोमवार, ४ साउन २०७२
MONDAY, 20 JULY 2015

कृषकलाई दिइँदै आएको अनुदान रकम बिनाकारण घट्नुले करनी र कथनीमा भिन्नता देखिएको छ।

# कृषकका अपेक्षा पूरा गर्न असफल बजेट

उद्धव अधिकारी



सरकारले नियमित प्रक्रियाअन्तर्गत नै यस वर्ष पनि नीति तथा कार्यक्रमसहितको बजेट प्रस्तुत गरेको छ। भइ दुःखा धेरै कुरा समेटिएको देखिए पनि कृषिको सर्वाङ्गीण विकासबिना देशको उन्नति सम्भव छैन। त्यसैले कृषिक्षेत्र पहिलो प्राथमिकतामा पर्नुपर्छ भन्ने आशयका भावनात्मक भजन भन्दै रेकर्ड-सुन्न पाइन्छ, तर जब कानबाटै अतिक्रेता कृषकका पक्षमा हुने गरी कृषिक्षेत्रमा केही गर्ने बेला आउँछ त्यस बेला नीति निर्माण तथा कार्यान्वयन तहमा रहेकाहरूले जानेर वा नजानेर पटक-पटक बाटो बिराउने प्रक्रिया निकै लामो समयदेखि चल्दै आएको छ, जसका कारण नेपालको कृषिक्षेत्र नै पछाडि अवस्थामा पुगेको छ।

हामी कुनै मरुभूमिमा छैनौं, हामी समुन्द्र सतहको बीचमा पनि छैनौं, जहाँ बाहिरबाट माटो ल्याएर खेती गर्नुपर्छ। हामी त कन्हैँ त्यो स्वर्गमा जन्मिएका छौं जहाँ गेडो छरियो भने मानो फल्छ, मानो पोखियो भने मुरी फल्छ। हामीलाई खेत कसरी जन्ने जोत्नेबारेमा थाहा छ, कसरी रोप्ने र टिप्ने भन्नेबारेमा पनि थाहा छ। हाम्रो आफ्नो ज्ञान पुर्खादेखि विदेशीले सिकाउनुपर्ने अवस्थामा पुऱ्याइएका हौं। नेपालीका हक पाइप्रा पाइखाना बनाइदिए गर्न गर्ने विदेशी संस्थाहरू र हाम्रा नीतिनिर्माताहरूलाई राम्रोसँग थाहा हुनुपर्छ, नेपाल र नेपालीको सभ्यता, संस्कृति र जीवन पद्धति हो– कृषि।

आ.व. ०७१/७२ को बजेट वक्तव्यले निर्दिष्ट गरेका कृषिका सम्बन्धित बुँदाहरूलाई एउटा सामान्य कृषकको आँखाबाट नियाल्दा एकाध विषयबाहेक कार्यान्वयनका हिसाबले धेरै आशावादी हुने ठाउँ दिएन, त्यसैले आर्थिक वर्षको अन्त्यसम्म आइपुग्दा कृषकका लागि एउटा सपनाको अन्त्यबराबर भयो। कृषि दशकको घोषणाले के तात्त्विक भिन्नता ल्यायो र यस वर्ष यो बारेमा किन एक शब्द पनि पर्न सकेन। १ प्रतिशत कृषि ऋणको व्यवस्थाको कार्यान्वयन कागजमै बेल पाक्यो हर्ष न विस्मातको भयो। पहाडी पहाडमा १० हेक्टर र तराईमा २० हेक्टर जमिनमा एकीकृत गरी खेतीको व्यावसायीकरण, यान्त्रीकरणका लागि ५० प्रतिशत र सीमान्तकृत कृषकहरूका लागि सहकारीलाई ३५ प्रतिशतसम्म ब्याजमा दिने अनुदानको सदुपयोग भयो-भएन? जैविक खेती गर्ने गाविसलाई वर २५ प्रतिशत अनुदान उपलब्ध गराउने सकारात्मक उद्योगको कार्यान्वयन देशका कतिवटा गाविसले सुरुवात गरे। तथापि उक्त कार्यक्रम यस आर्थिक वर्षमा पनि अनुदान रकममा २५ प्रतिशत घट गरी ५० प्रतिशत गर्ने घोषणा भएको छ। कार्यान्वयन प्रक्रियालाई सहज नबनाउने हो भने यसको अवस्था पनि गत वर्षभन्दा फरक हुनेछैन। कृषिक्षेत्रको विकासका लागि अत्यावश्यक आवश्यकता रहेको कृषकको वर्गीकरण र परिचयपत्रको कार्यान्वयन पाइलटका रूपमा ५ जिल्लाबाट सुरु भए पनि यस वर्षको कार्यक्रममा समावेश नहुनु दुःखद कुरा हो। एकातिर देशमा करिब १७ प्रतिशत जनसंख्यासँग एक टुक्रा भूमि छैन, जुन जनसंख्याको अधिकांश भूमिहीनको मुख्य पेसा कृषि नै हो भने अर्कोतिर साना तथा सीमान्तकृत कृषकहरूको संख्या करिब ५१/५२ प्रतिशत छ। त्यसमाथि सयौं-हजारौं बिघा जमिन हुने तर खेतीमा कहिल्यै नपाइलो टेक्ने/नटेक्ने कृषकहरूसमेतको पहिचान, वर्गीकरण र परिचयपत्रको व्यवस्था गरी त्यसका आधारमा छ र आवश्यकताका आधारमा सेवा सुविधा उपलब्ध गराउने कुराले मौलिकी नेपालको कृषिलाई उँभो लगाउन मद्दत पुग्ने थियो। बिडम्बना, यो कार्यक्रम बचाउनु हो या कतावरमा उल्लेख नभएकाले रोकिने हो, यसबारेमा पनि अन्योल सिर्जना भएको छ।

बाली तथा पशु बिमामा देखिएका समस्याहरूलाई सम्बोधन गर्दै कृषकसम्म पुग्ने क्रम जारी रहेको बाली तथा पशु बिमाको कार्यक्रम बचाउनु रहनु स्वागतयोग्य कुरा हो, तथापि बिमा कम्पनी तथा बिमा समितिहरूलाई कडी जिम्मेवार बनाउन नसकेसम्म र्‍हेका कृषकहरूसम्म सहज पहुँच विस्तार गर्नका लागि सरकार र जनस्तरबाट दबाब नदिएसम्म आशातीत उपलब्धि हासिल हुन सक्नेन।

> बजेट वक्तव्यले निर्दिष्ट गरेका कृषिका सम्बन्धित बुँदाहरूलाई एउटा सामान्य कृषकको आँखाबाट नियाल्दा एकाध विषयबाहेक कार्यान्वयनका हिसाबले धेरै आशावादी हुने ठाउँ दिएन, त्यसैले आर्थिक वर्षको अन्त्यसम्म आइपुग्दा कृषकका लागि एउटा सपनाको अन्त्यबराबर भयो।

कृषि यान्त्रीकरणमा जोड दिँदै भन्सार सुविधासमेतमा छुट दिने गत तथा यस आपको बजेटमा उल्लेख भए पनि वास्तविक साना किसानहरूले दिनमा काँडे आफ्ना हाते ट्याक्टरलगायत साना उपकरणहरूको अनुदान रकममा ५० प्रतिशतबाट घटाएर ३० प्रतिशतमा ल्याएको छ। यसर्थ कृषकलाई दिइँदै आएको अनुदान रकम बिनाकारण घट्नुले करनी र कथनीमा भिन्नता देखिएको छ।

आव ०६८/६९ को बजेट वक्तव्यले बोलेको स्थानीय निकायमा जाने अनुदानमध्ये कृषिक्षेत्रमा अनिवार्य १५ प्रतिशत रकम विनियोजन गर्नुपर्ने उल्लेख भए पनि नीतिगत रूपमा व्यवस्था नहुँदा जनतामा पुग्ने सानो तर अत्यन्तै अर्थ राख्ने उक्त बजेट कार्यान्वयनमा बाधा उत्पन्न भएको विषय कृषक र कृषकहरू सम्बन्धित संघ-संगठनहरूले जोडदार रूपले आवाज उठाउँदासमेत पुनः सम्बोधन हुन नसक्नु दुःखद पक्ष हो। स्थानीय तहमा रहेका साना तथा सीमान्तकृत कृषकहरूको सहज पहुँच भएकै स्थानीय निकायमार्फत उक्त स्रोतको परिचालनका लागि यस बजेटमार्फत कार्यक्रम भएको भए उत्पादन र उत्पादकत्वको वृद्धि हुने कुरामा दुईमत हुने थिएन। कृषि प्रसारलाई व्यवस्थित गर्न प्रत्येक गाविसमा कृषि वा पशु प्राविधिक पठाउने विषय स्वागतयोग्य छ। साथै २८ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउने, नवीकरणीय ऊर्जाका लागि ५० प्रतिशत अनुदान, कृषि सूचनाका लागि मोबाइल फोन, कृषि सामग्री कृषकको खेतसम्म उत्पादित वस्तु बजारसम्मको ढुवानी, डेरी उद्योग, माछा, फोहोर मैलासंकलनलगायतका केही उत्साहजनक कार्यक्रमहरूको सम्बोधन भए पनि कार्यान्वयनको प्रश्न भने यथावत् रहेको हुँदा धेरै उत्साहित हुने ठाउँ देखिँदैन।

त्यसैले कसैमा विगतका विभिन्न समयमा घोषणा गरिएका बजेट तथा कार्यक्रमहरूको सरोकारवालाहरूसहितको मूल्य समीक्षा नगरी आएको यस बजेटबाट ठूलो अपेक्षा गर्न सकिँदैन।

# एडीएसबारे संसदीय समितिमा छलफल

'थप छलफल र परिमार्जन आवश्यक'

# 'भूमिलाई सम्पत्ति होइन, स्रोत बनाऊ'

गुठी प्रतिवेदन सभामुखमा बुझाइने

गरम्सैदामा किसानको सुझाव

# महासंघका प्रकाशन



राष्ट्रिय कृषक समूह महासंघ, नेपाल
National Farmers Group Federation-Nepal
(NFGF, Nepal)
महासंघ संचालन निर्देशिका
२०७१
महासंघको प्रथम राष्ट्रिय महाधिवेशन
(२०७१ जेष्ठ ११ र १२) द्वारा पारित
राष्ट्रिय कृषक समूह महासंघ,
National Farmer Group Federation
(NFGF)
सामाजिक लेखाजोखा का
(१० आश्विन २०७१)
राष्ट्रिय कृषक समूह महासंघ, नेपाल
National Farmers Group Federation, Nepal
(NFGF, Nepal)
विधान
२०६८
(प्रथम संशोधन २०७१)
महासंघको प्रथम राष्ट्रिय महाधिवेशन २०७१
जेष्ठ ११ र १२ द्वारा संशोधित
राष्ट्रिय कृषक समूह महासंघ, नेपाल
National Farmer Group Federation Nepal
(NFGF)
प्रथम राष्ट्रिय महाधिवेशन
प्रभातफेरी
प्रतिवेदन
प्रथम राष्ट्रिय महाधिवेशन
११-१२ जेष्ठ २०७१
काठमाण्डौ
राष्ट्रिय कृषक समूह महासंघ नेपाल
(National Farmers Group Federation, Nepal)
(NFGF, Nepal)
सूचना डायरी, सिरहा
सूचना डायरी, ओखलढुङ्गा
सूचना डायरी, उदयपुर





## पत्राचारको लागि


राष्ट्रिय कृषक समूह महासंघ, नेपाल
राष्ट्रिय सचिवालय, पो ब नं : ६०६४, खुसिबु , नयाँ बजार, काठमाण्डौ, नेपाल
फोन नं. ४३५६२०१, इमेल :nfgfktm@yahoo.com, info@nfgf.org.np
वेब साईट : www.nfgf.org.np